# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु भएको कारण भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ । यो विचार विनिमयको सशक्त माध्यम भएकाले मानिसका मनमा रहेका विचार, भावना, अनुभवको प्रकटीकरण र अरूबाट प्रकट भएका विचार, भावना अनुभवको ग्रहण गर्ने कार्यमा भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनिहरूको समूह हो (भुसाल, २०७२ : २) । भाषाका मौखिक र लिखित गरी दुई रूप छन् । मौखिक कथ्य रूप ध्वनि वा आवाजका रूपमा तथा लिखित रूप लिपि चिह्नहरूका माध्यमबाट प्रकट हुन्छ ।

भाषा शिक्षण भनेको भाषाका सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण हो । भाषिक सिप शिक्षणमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारवटै सिपको शिक्षण गरी विद्यार्थीलाई भाषिक सिपको प्रयोगमा दक्ष बनाउने उद्देश्य राखिन्छ । भाषाका चारवटै सिपमध्ये लेखाइ सिप महत्त्वपूर्ण मानिन्छ । भाषाका कथ्य र लेख्य रूपमध्ये लेखाइ भाषाको लेख्य रूपअन्तर्गत पर्दछ ।

लेखाइ सिपको महत्त्व विभिन्न क्षेत्रमा रहेको छ । लेखाइ सिपका माध्यमबाट प्रभावकारी रूपमा आफ्ना विचार, भावना अरू समक्ष लिखित भाषाको माध्यमबाट प्रकट गर्न सकिन्छ । लेखाइ सिपबाट भाषिक अभिव्यक्ति क्षमताको विकास हुन्छ । यसबाट प्रश्नोत्तर, व्याख्या, सारांश लेखन, लिखित वर्णन जस्ता कार्यकलाप गर्ने क्षमताको विकास हुन्छ । लेखाइ सिपमा हस्तलेखन, अनुलेखन, अनुच्छेदलेखन, निबन्धलेखन, मनोवादलेखन जस्ता विभिन्न कार्यकलाप गराउन सकिन्छ ।

वादविवाद पनि मौखिक अभिव्यक्तिको क्षमता विकासमा मद्दत पुऱ्याउने अभिनयकेन्द्री उपविधा हो । यो संवादभन्दा बढी औपचारिक, बौद्धिक र तार्किक किसिमको हुन्छ साथै यसमा संवादमा जस्तो सहमति र हार्दिकताको अभाव हुन्छ र आघातमूलक कथन कलाप्रति बढ्ता झुकाव देखिन्छ (पौडेल, २०७४ : १५) ।

साहित्यका विविध विधामध्ये रूपक विधाअन्तर्गतको वादविवाद लेखन एक महत्त्वपूर्ण विधा हो । वादविवाद भनेको एक अर्कामा संवाद गरी पक्ष र विपक्ष भई आफ्नो तार्किक र बौद्धिक अभिव्यक्ति क्षमताको विकास गरी तर्कपूर्ण भनाइ राख्नु हो । यो व्यावहारिक रचनाअन्तर्गतको मौखिक अभिव्यक्तिको प्रकार हो । वादविवाद लेखन शब्दले भाव वा विचारलाई युक्तिपूर्ण ढङ्गले व्यक्त गर्ने कार्यलाई जनाउँछ । वादविवादमा तर्कपूर्ण अभिव्यक्तिको स्थान रहेकाले यसमा मौखिक र लिखित दुबै रूपहरूको स्थान महत्त्वपूर्ण हुन्छ । वादविवाद लेखन गर्दा सटिक रूपमा सम्बोधन गर्नुपर्दछ । वादविवाद लेखनले बौद्धिक, तार्किक र सिर्जनात्मक क्षमताको विकास गराउँछ । वादविवाद वाचन गराउँदा अर्थात् लेखाउँदा निश्चित समय सीमा, निर्णायक मण्डल, अङ्क विभाजनका बारेमा राम्रोसँग विद्यार्थीलाई जानकारी गराउनुपर्दछ ।

**समस्याकथन**

विद्यालय तहका नेपाली पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन विद्यार्थीहरूलाई विवादात्मक लेखन तथा मौखिक क्षमताको सक्षमतातिर डोऱ्याउनु, तर्कपूर्ण खण्डनमण्डन गर्न सक्षम बनाउनु र बौद्धिक कार्यको विकास गराउनु हो । वादविवादबाट मौखिक तथा लिखित सिपको विकास हुन्छ । विद्यालय तहका नेपाली पाठ्यपुस्तकहरूले वादविवाद लेखन शिक्षणसम्बन्धी पाठ्यपुस्तकहरूलाई महत्त्व दिइरहेको अवस्थामा आधारभूत तहको विशेष गरी कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षक छनोट गरिएको छ । विद्यालय तहमा कक्षा एकदेखि नै नेपाली भाषा पठनपाठन हुँदै आएको छ । विद्यालयमा विविभिन्न कक्षामा पाठ्यक्रमले वादविवाद राखेको छ । कक्षा सातको नेपाली भाषा पाठ्यक्रमले पनि वादविवादलाई समावेश गरेको छ । जसअन्तर्गत सम्बोधन र विषयप्रवेश, विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता, खण्डनमण्डन, भाषिक शुद्धता र निष्कर्ष समावेश छन् । विद्यार्थीहरूलाई वादविवाद लेखन विभिन्न पक्षहरू प्रयोगबारे ज्ञान कम रहेकोले उनीहरू सबै पक्षलाई नसमेटी वादविवाद लेखिरहेका छन् । त्यसैले प्रस्तुत अध्ययनलाई वादविवाद लेखनमा देखिएका समस्याहरूसँग केन्द्रित गराइएको छ । समग्रमा यस अध्ययनका समस्या निम्नानुसार छन् :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कस्तो रहेको छ ?

(ग) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता के कस्तो रहेको छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको समग्र पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु,

(ग) विद्यालय प्रकृतिका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अवस्था पहिल्याउनु,

**अध्ययनको सान्दर्भिकता**

भाषा मानवीय वस्तु हो । भाषा मानवको विचार विनिमयको माध्यम भएकोले मानवीय भावना विविध प्रसङ्ग घटना, वातावरण परिस्थिति तथा प्रासनिक गतिविधिमा भाषाको लिखित स्वरूपलाई प्रयोगमा बढी पाइन्छ । त्यसैले लेखाइ सिपको विकास गर्नु आवश्यक ठानिन्छ । लेखाइ सिप अरू सिपभन्दा भरपर्दो एउटा माध्यम हो ।

भाषाका चार सिपमध्ये लेखाइ सिपले लिखित पक्षलाई अगाल्छ । विद्यार्थीमा भएको सिर्जनात्मक शक्तिलाई लेखाइका माध्यमबाट प्रस्फुटन गराउन विद्यालय तहदेखि उच्च तहसम्म विभिन्न क्रियाकलाप गराउने गरिन्छ, ती क्रियाकलापमध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो ।

सामान्य रूपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्य रूपलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकास गर्दै लैजानु हो । विद्यार्थीको लेखाइसम्बन्धी तार्किक, बौद्धिक, ज्ञानात्मक, संज्ञानात्मक जस्ता पक्षहरू समावेश गरिने हुनाले वादविवाद लेखन क्षमताको अध्ययन गर्नु आवश्यक रहेको छ ।

काठमाडौँ जिल्लामा यस शीर्षकमा आजसम्म अनुसन्धान नभएको कारणले यो अनुसन्धान विद्यार्थी लगायत शिक्षकहरूको लागि उपयोगी हुनेछ । यस अनुसन्धानबाट विद्यार्थीहरूमा लेखाइ सिप विकास हुनाका साथै बोलाइ सिपको पनि उत्तिकै विकास हुने आशा गर्न सकिन्छ । आधारभूत तहको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पत्ता लगाउनु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, अत्यावश्यक देखिन्छ । यस अध्ययनले विद्यार्थीमा भएका कमीकमजोरीलाई हटाउन र लेखन सिपको विकासमा सहयोग पुग्ने भएकाले पनि औचित्यपूर्ण छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययनको परिसीमा निम्नानुसार निर्धारण गरिएको छ :

(क) प्रस्तुत अध्ययन काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा केन्द्रित रहेको छ ।

(ख) उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका छात्र र छात्राबिच वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(ग) उक्त नगरपालिकाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयहरूमा अध्ययनरत १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

**शोधको रूपरेखा**

प्रस्तुत शोधलाई निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप

अध्याय तीन :  अध्ययन विधि र प्रक्रिया

अध्याय चार :  समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

अध्याय पाँच :  लैङ्गिकताको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

अध्याय छ :  विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

अध्याय सात :  सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

**पुस्तक समीक्षा** : बराल र एटम (२०५८) द्वारा *नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास* नामक पुस्तक तयार गरिएको छ। उक्त पुस्तकमा कुनै निश्चित विषय वा शीर्षकको पक्ष वा विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ। वादविवादमा आफ्ना पक्षको समर्थन र पुष्टि तथा विपक्षका तर्कसँग असहमति राख्दै तिनको शिष्टतापूर्वक खण्डन गर्ने रचनाको रूपमा चिनाइएको छ। यसमा वादविवादका परिचय केही नमुना उल्लेख गरिएको छ।

शर्मा (२०५८) द्वारा *शब्दरचना र वर्णविन्यास, वाक्यतत्व अभिव्यक्ति र पाठहरू* नामक पुस्तक तयार गरिएको छ। उक्त पुस्तकमा नेपाली शिक्षणका सहकार्यकलापहरू अन्तर्गत रहेर वादविवादात्मक अभिव्यक्तिको चर्चा गरिएको छ। यस पुस्तकमा वादविवादलाई तार्किक ढङ्ग र ढाँचाको खण्डनमण्डनको प्रधानता रहने हुँदा पक्षको प्रतिनिधित्व गर्ने एउटा पात्र र विपक्षको प्रतिनिधित्व गर्ने अर्को पात्रको सिर्जना गर्ने रचनाका रूपमा चिनाइएको छ। यसमा वादविवाद लेखन शिक्षणको विधि र प्रक्रियाको बारेमा उल्लेख गरिएको छ।

लामिछाने (२०६४) द्वारा *नेपाली भाषा शिक्षण परिचय* नामक पुस्तकमा रूपक विधाअन्तर्गत अन्य उपविधाहरू छुट्याएर वादविवादको चर्चा गरिएको छ। जसमा कुनै विषयको पक्ष र विपक्षमा भएर आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने गर्दछ। कुनै निश्चित शीर्षक दिएर त्यसको बारेमा वादविवाद कार्य गरिन्छ। यसमा लेख्दा वा बोल्दा पक्ष विपक्ष भई आ-आफ्ना तर्कहरूले स्थान पाउँछ भन्ने धारणा राखिएको छ। वादविवादमा निष्पक्ष ढङ्गबाट विपक्षीको तर्कपूर्ण खण्डन गर्नाले विद्यार्थीहरूमा तार्किक तथा बौद्धिक क्षमताको वृद्धि हुन्छ। विद्यालय तहका पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन नै विद्यार्थीहरूलाई वादविवादात्मक अभिव्यक्तिमा सक्षम बनाउनु हो भनी चर्चा गरिएको छ।

अधिकारी (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक तयार गरिएको छ। उक्त पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षको बारेमा चर्चा गर्ने क्रममा बोलाइ शिक्षण

कार्यकलापअन्तर्गत वादविवादको चर्चा गरी यसको विकास गर्न लेखाइ सीप पनि विकास गर्नुपर्ने दिइएको छ । यसमा वादविवादको परिचय र कक्षामा वादविवाद शिक्षण गराउँदा अपनाइने शिक्षण प्रक्रिया र विधिको बारेमा उल्लेख गरिएको छ ।

ढकाल (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक तयार गरिएको छ । उक्त पुस्तकमा मौखिक अभिव्यक्ति शिक्षणका कार्यकलापहरूअन्तर्गत वादविवाद अभिव्यक्ति क्षमताको सामान्य चर्चा गरिएको छ । वादविवादमा पक्ष-विपक्षका बिच हुने तर्कपूर्ण अभिव्यक्ति क्षमताको विकासका लागि वादविवाद उपयुक्त उपाय र विपक्षीको तर्कपुर्ण खण्डन गर्ने तार्किक बनाउने आधार यस उपायले प्रदान गर्छ । मौखिक अभिव्यक्तिको स्तरीय कार्यकलापका रूपमा यसलाई लिइने कुरा उल्लेख गरिएको छ ।

शर्मा र पौडेल (२०६७) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तक तयार गरिएको छ । उक्त पुस्तकमा उच्च तहका कक्षाहरूका विभिन्न विधाहरूको शिक्षणमा केन्द्रित रहेको पाइन्छ । नेपाली शिक्षणका सहकार्यकलापहरू अन्तर्गत रहेर वादविवादात्मक परिचय र लेखन शिक्षणका बारेमा चर्चा गरिएको छ । वादविवादात्मक लेखन शिक्षण प्रक्रिया, शिक्षण क्रम, प्रश्नोत्तर विधि, पठनबोध, तर्क वितर्क, प्रस्तुतीकरण जस्ता विधिहरूको बारेमा उल्लेख गरिएको छ ।

पौडेल (२०७४) द्वारा *भाषिक विधा शिक्षण* नामक पुस्तक तयार गरिएको छ । उक्त पुस्तकमा विशेषगरी उच्च तहका कक्षाहरूका विभिन्न विधाहरूले शिक्षणमा केन्द्रित रहेको पाइन्छ । पाँच अध्याय रहेको उक्त पुस्तकमा अध्याय दुईको रूपक शिक्षण शीर्षकभित्र वादविवाद शिक्षण उपशीर्षक रहेको पाइन्छ । रूपक विधाअन्तर्गत अन्य उपविधाहरू छुट्याएर समग्र रूपमा वादविवादको चर्चा गरिएको छ । यस भाषिक विधा शिक्षणअन्तर्गत वादविवादको शिक्षण प्रयोजन र प्रक्रियाको बारेमा उल्लेख गरिएको छ ।

**शोधकार्यको समीक्षा** : शोधकार्य सम्बद्ध पूर्वकार्यलाई यसप्रकार चर्चा गरिएको छ :

काफ्ले (२०६८) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधको उद्देश्य विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूको भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त शोधमा काठमाडौं उपत्यकाको

ललितपुर जिल्लाको सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम स्तरको रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको उद्देश्य अनुच्छेदलेखन क्षमतामा केन्द्रित रहेको र प्रस्तुत शोध वादविवाद लेखन क्षमतासँग सम्बन्धित भएर गरिने भएकाले भिन्न एवम् विशिष्ट रहने देखिन्छ । यसको अध्ययनबाट शोधकार्यमा सामग्री निर्माण र प्रयोगका लागि थप मद्दत मिलेको देखिन्छ ।

श्रेष्ठ (२०६८) द्वारा *धादिङ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन, विद्यालय प्रकृतिका आधारमा तुलना गर्नु, मातृभाषी र विमातृभाषी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमता अध्ययन र विद्यार्थीहरूमा देखिएका कमजोरी हटाउन केही सुझाव दिनु रहेका छन् । प्रस्तुत अध्ययन सर्वेक्षण विधिको अवलम्बन गरी धादिङ जिल्लाका सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरू ६० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमता अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयमध्ये सामुदायिक विद्यालयका विद्यार्थी वादविवाद लेखन क्षमतामा उच्च देखिएको कुरा स्पष्ट पारिएको छ । संस्थागत र सामुदायिक विद्यालयका उक्त कक्षामा अध्ययनरत छात्र र छात्राको तुलना गर्दा छात्राहरू नै कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०७२) द्वारा *सिन्धुली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन* क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु, विद्यालय प्रकृतिको आधारमा विद्यार्थीको वादविाद लेखन क्षमता तुलना गर्नु र लैङ्गिकताका आधारमा वादविवाद लेखन क्षमताको तुलना गर्नु रहेको छ । वादविवाद लेखनसँग सम्बन्धित समस्या र कठिनाइ पत्ता लगाई आवश्यक सुझाव दिनु रहेको छ । यस अध्ययन क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाभित्रका २ वटा सामुदायिक र २ वटा संस्थागत गरी ४ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरी सामग्री सङ्कलन गरिएको छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता केही हदसम्म उच्च रहेको देखिन्छ । लैङ्गिकताको

आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका छात्राहरूको स्थिति कमजोर रहेको देखिन्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्तर उच्च नरहेको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०७३) द्वारा *गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य तयार पारिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता तुलना गर्नु, छात्र र छात्राहरू बिचको वादविवाद लेखन क्षमता पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिको अवलम्बन गरी ग्रामीण र सहरी क्षेत्रका पाँच/पाँचवटा विद्यालय गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । तुलनात्मक रूपमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको छ । लैङ्गिकताका आधारमा छात्र र छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएकोमा छात्रभन्दा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

जैसी (२०७४) द्वारा *बाजुरा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधको उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीबिच वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालय प्रकृति र लैङ्गिक आधारमा वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिको अवलम्बन गरी बाजुरा जिल्लाको सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू जम्मा ६० विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको र छात्रहरूको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

पोखरेल (२०७४) द्वारा *झापा जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत अध्ययनको

उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु र संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा वादविवाद लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु रहेको छ । यस शोध क्षेत्रीय विधिको प्रयोग गरी नमुना छनोटका लागि झापा जिल्लाका कक्षा आठका पाँचपाँचवटा सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको देखिन्छ । समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०७५) द्वारा *दाङ जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु, लैङ्गिकताका आधारमा वादविवाद लेखन क्षमताको स्थिति पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूका वादविवाद लेखन क्षमता पहिचान गर्नु रहेको छ । सर्वेक्षण विधिको उपयोग गरी पाँचपाँच वटा सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्दा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम खालको रहेको छ र सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको छात्रको भन्दा छात्राको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

निरौला (२०७५) द्वारा *महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा वादविवाद लेखन क्षमताको अवस्था पहिल्याउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविाद लेखन क्षमता आकलन गर्नु रहेको छ । यस शोधकार्यमा सर्वेक्षण विधिको अवलम्बन गरी पाँचपाँचवटा सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको छ । नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीको वादविवाद लेखन क्षमताको तुलना गर्दा

नेपाली विमातृभाषी विद्यार्थीको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त पूर्वकार्यको समीक्षाबाट वादविवाद लेखन शीर्षकमा केन्द्रित भएर कस्ता कस्ता उद्देश्यहरू राखेर अनुसन्धान कार्य सम्पन्न भएका रहेछन्, ती अनुसन्धानबाट के निष्कर्ष निकालिएको रहेछ भन्ने कुराको ज्ञान हुनुका साथै वादविवाद लेखन सैद्धान्तिक र व्यावहारिक कुराहरूको जानकारी प्राप्त गर्ने र अध्ययनलाई सहज बनाउन सहयोग पुऱ्याउने छ । उक्त अध्ययनहरूले केही जिल्लाहरूमा मात्र सीमित रहेकाले सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको देखिँदैन । तसर्थ काठमाडौँ जिल्लाको कीर्तिपुर क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरी आवश्यक सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्ने भएकाले प्रस्तुत अध्ययन गर्नु उपयुक्त ठानी काठमाडौँ जिल्लाका कीर्तिपुर क्षेत्रको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान कार्य गर्न लागिएको हो ।

**पूर्वकार्यको समीक्षाको उपयोगिता** : पूर्वकार्यको समीक्षा गर्दा वादविवादसम्बन्धी प्रशस्तै अनुसन्धानहरु र पुस्तकहरु भेटिन्छन् तर ठाउँ, परिवेश र स्तरअनुसार वादविवाद लेखन क्षमता र शैलीमा विविधता पाउन सकिन्छ । यस शोधमा विभिन्न वादविवादसँग सम्बन्धित पुस्तक तथा शोधपत्रहरुको समीक्षा गरिएको छ । जसमध्ये पाठ्यक्रम विकास केन्द्र (२०६९) द्वारा प्रकाशित आधारभूत शिक्षा पाठ्यक्रमको समीक्षाले स्तरअनुसार वादविवाद शीर्षक पाठ्यपुस्तकमा राखिएको छ भने शर्मा (२०५८) द्वारा शब्दरचना र वर्णविन्यास, वाक्यतत्व र अभिव्यक्ति पाठहरु नामक पुस्तकले वादविवादको परिचय, प्रयोजन शिक्षण विधि र प्रक्रियाको बारेमा सहयोग गरेको छ । त्यसैगरी विभिन्न पुस्तक तथा शोधसमीक्षाले यस शोधकार्यको सैद्धान्तिक ढाँचा निर्माण गर्न, स्थलगत अध्ययनमा आउन सक्ने समस्याहरुको समाधान गर्न, प्रश्नपत्र निर्माण गर्न, वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्न सहयोग गरेकाले शोधपत्र लेखनमा पूर्वकार्यको समीक्षाको उपयोगिता रहेको छ ।

**सैद्धान्तिक अवधारणा**

**वादविवादको परिचयः** वादविवाद रूपक विधाअन्तर्गत पर्ने एक उपविधा हो । विवादास्पद विषयको पक्ष विपक्षमा बौद्धिक र तार्किक पुष्ट्याइँ दिनु र आफ्नो पक्ष सम्बन्धि विचारलाई दृढ समर्थन गर्नु वादविवादको धर्म हो । वादविवादले बोलाइ सिपको विकासका साथै लेखाइ सिपको पनि विकास गर्ने गर्दछ । यो संवाद भन्दा बढी औपचारिक, बौद्धिक र तार्किक किसिमको हुन्छ साथै यसमा संवादमा जस्तो सहमति र हार्दिकताको अभाव हुन्छ र आघातमुलक कथन कलाप्रति बढी  झुकाव देखिन्छ (पौडेल, २०७४ : १५) । भाषाका चार सिप मध्य लेखाइ सिप अभिव्यक्तिमूलक लिपिचिह्नहरूको प्रयोग द्वारा सिलसिला मिलाई अभिव्यक्त गर्ने सिप हो ।

कुनै निश्चित विषय वा शीर्षकको पक्ष वा विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ । वादविवाद लेखनका लागि कुनै शीर्षक दिएर लेखन सिपका माध्ययमबाट उक्त शीर्षकमा केन्द्रीत भएर वादविवाद लेखन गर्न सकिन्छ । वादविवादमा पक्ष वा विपक्ष मध्ये कुनै एक शीर्षकमा केन्द्रित भएर खण्डन र मण्डन गर्दै गहकिला तर्क पेश गरी लेख्न सकिन्छ । वादविवाद बढी तार्किक वा बौद्धिक खालको हुन्छ । वादविवाद लेखन लगाउँदा विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको विकास हुनुका साथै कुनै शीर्षकमा केन्द्रित भएर आफ्ना मनमा लागेका विचार वा भावनालाई लेखाइका माध्यमबाट पक्ष र विपक्षमा तर्क गर्न सक्छन् ।

वादविवाद लेख्दा वादविवादको उपयुक्त शीर्षक दिने, आफुले लेख्नुपर्ने विषयको पक्ष र विपक्षमा आउन सक्ने महत्त्वपुर्ण बुँदाहरू तयार पार्ने, तयार पारिएका बुँदाहरूलाई क्रम मिलाएर राख्ने, औपचारिक रूपमा सभापति, निर्णायक मण्डल, गुरुहरू तथा उपस्थित साथीहरूलाई सम्बोधन गरेर लेख्ने, समयलाई ध्यान दिँदै प्रथम पुरुष शैलीमा पहिले आफ्नो पक्षमा लेख्ने र त्यस तर्फका तर्कहरू प्रस्तुत गर्ने, विपक्षीले प्रस्तुत गरेका तर्कहरूको कल्पना गरी उक्त तर्कलाई काट्ने ढङ्गबाट आफ्ना तर्कहरूको प्रयोग गर्दै घतलाग्दो उदाहरणहरू दिने, वादविवादमा सहभागिले प्रयोग गर्ने हाउभाउ मुखमुद्रा आदिको संकेत कोष्ठकमा दिने, निष्कर्षको रूपमा आफ्ना विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर (घन्टी बज्छ) लाई कोष्ठकमा राख्ने र समाप्त गर्ने गर्नुपर्दछ ।

**लेखाइका प्रकार** : लेखाइको प्रकृति, शैली र प्रयोजनका आधारमा लेखन ३ प्रकारका मानिन्छन् (पौडेल, २०७० : ६८) :

*सामान्य लेखन:* विद्यार्थीहरूलाई उनीहरूका विचार, भावना, अनुभव, आवश्यकता र विभिन्न घटनाहरूलाई अरूसमक्ष (लिपिबद्ध भाषिक सङ्केतका सहायताले) व्यक्त गर्न सक्ने क्षमता हासिल गराउनु नै सामान्य लेखन हो । सामान्य लिखित अभिव्यक्तिका माध्यमबाट दैनिक जीवनका आवश्यकता पुरा गरी सम्प्रेषणात्मक, सम्पादनात्मक र सिर्जनात्मक लेखनका लागि आधार तयार गरिन्छ ।

*सम्पादनात्मक लेखन:* व्यक्तिमा सम्पादनात्मक क्षमता विकास गरेर लेखनका माध्यमबाट जीवनमा स्वेच्छिक व्यवसाय वा पेसा अपनाई आत्मनिर्भर बनाउन यस प्रकारको लेखन कलाको विकास गरिन्छ । सम्पादनात्मक लेखनमा तथ्यपूर्ण जानकारी, तार्किकता, वस्तुपरकता, बौद्धिकता प्रस्तुत हुन्छ । यस्तो लेखन विषयवस्तुको कुशल प्रतिपादन, व्याख्या, उदाहरणीकरण, प्रश्नोत्तर, सुझाव, विवेचना, विश्लेषण आदिमा आधारित हुन्छन् । वादविवाद सम्पादनात्मक लेखनअन्तर्गत पर्दछ ।

*साहित्यिक लेखन:* सिर्जनात्मक वा साहित्यिक प्रयोजन भएका लेखनमा व्यक्तिले वस्तुतथ्यलाई आफ्ना अनुभव, भावना, विचार र सोचाइ प्रक्रियासँग मुछेर विभिन्न शैली र शिल्पका माध्यमले पाठकको आस्वादनलाई मुख्य केन्द्रविन्दु बनाई समग्र अभिव्यक्तिका रूपमा प्रस्तुत गर्दछन् । त्यसैले सिर्जनात्मक लेखनको मुख्य उद्देश्य साहित्यिक विधि र उपविधामा आधारित वैयक्तिक भावना, विचार र शैलीमा आबद्ध उच्चस्तरीय, प्रभावकारी र आस्वादनीय लेखन कलाको विकास गर्नु हो ।

**वादविवादको संरचना**: आफ्ना पक्षको समर्थन र विपक्षका तर्कहरूको खण्डन मण्डन गर्नु नै वादविवाद हो । कुनै पनि रचनाको संरचना हुन्छ । त्यसैगरी वादविवाद लेखन पनि आदि, मध्य र अन्त्यको संरचनामा रहेको हुन्छ (भट्टराई र ढुङ्गेल, २०७१ : ३६४) । वादविवाद लेखनका आदि, मध्य र अन्त्यको संरचनालाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

*आदि भाग:-* वादविवादको आदि भागमा वादविवादमा उपस्थित व्यक्तिहरू, सभापति, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरूलाई सम्बोधन गरिन्छ । आदि भागमा आफूले विषयको पक्ष वा विपक्षका तर्कबाट विचार व्यक्त गर्न लागेको हो त्यसको जानकारी गराइन्छ ।

*मध्य भाग :-* वादविवाद लेखन गर्दा मध्य भागमा वादविवादको विषयको बारेमा जानकारी गराइन्छ । मध्य भागमा आफ्ना पक्षका विचारलाई समर्थन गर्दै विपक्षी मित्रको विचारलाई खण्डनमण्डन गर्दै गहकिला तर्क प्रस्तुत गरिन्छ । वादविवादमा सहभागीले प्रयोग गर्ने हाउभाउ, मुखमुद्रा आदि सङ्केत कोष्ठमा दिइन्छ र आफ्नो विषयको बारेमा उदाहरणहरू प्रस्तुत गरिन्छ ।

*अन्त्य भाग:-* मध्य भागमा लेखिएका कुराहरूलाई सिलसिला मिलाएर निष्कर्ष निकालिन्छ । आफ्नो विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर आफ्ना भनाइ टुङ्ग्याइन्छ ।

**वादविवाद शिक्षणको आवश्यकता :** भाषा मानवीय सम्प्रेषणको माध्यम हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन भाषिक सीपले मार्गदर्शनको काम गरेको हुन्छ । भाषाका चार सीपमध्ये लेखाइ एउटा महत्त्वपूर्ण सीप हो । व्यक्तिमा अन्तरनिहित विचार भावना अनुभव जस्ता कुराहरूलाई भाषाका माध्यमबाट लिपिबद्ध गर्नु नै लेखाइ हो । लेखाइ सीपले व्यक्तिको लेखन कलालाई जोड दिने गर्दछ । भाषाका चारवटै सीप सुनाइ, बोलाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । कुनै पनि व्यक्तिले आफ्ना मन मस्तिष्कमा रहेका भाव विचारलाई लिपि चिह्नको प्रयोग केवल विद्यालय र महाविद्यालयमा भाव नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले लेखाइ शिक्षणको आवश्यकता विशेष रूपमा अनुभव हुन्छ । लेखन कलालाई सामाजिक उपयोगिताका दृष्टिले पनि भाषिक अभिव्यक्तिमा लेखन कलाको निकै महत्त्व हुन्छन् । प्रश्नोत्तर गर्न पढेका कुराले टिपोट गर्न नयाँ नयाँ ज्ञानलाई आफ्नो भाषामा पुनः सङ्गठित गर्न श्यामपाटीमा लेखिएका कुराहरू सार्न, सारांश उतार्न, लेखेर छलफल गर्न, परीक्षा वा जाँचको मूल्याङ्कन गर्न बढी आवश्यकता पर्दछ (पौडेल, २०७० : ८६) । यी विभिन्न कारणले गर्दा लेखाइ शिक्षणको महत्त्व दिनानुदिन बढ्दै गएको छ ।

यसरी लेखाइ सीपको विकास गर्ने विद्यालयका आधारभूत र माध्यमिक सबै तहको पाठ्यक्रममा रूपक विधालाई स्वतन्त्र विधाअन्तर्गत राखेर वादविवाद शिक्षण गरिएको छ । वकिल, पत्रकार, कर्मचारी, बुद्धिजीवी, साहित्यकार लेखक, शिक्षक आदि पेसामा कुशल लेखन क्षमताको निकै आवश्यक पर्दछ (शर्मा र पौडेल, २०६८ : १७०) । वादविवाद लेखन गराउँदा

विषयवस्तुको प्रस्तुति, वाक्यगठन, मौलिकता, भाषिक शुद्धता, शब्दभण्डारको छनोट वर्णविन्यासको प्रयोग जस्ता विविध कुराले लेखन सीपमा सहयोग पुऱ्याउने हुनाले लेखाइ सीपको विकासमा वादविवाद लेखन पनि महत्त्वपूर्ण रहेको छ ।

**वादविवाद शिक्षणको प्रयोजनः** सबै विधाका आ-आफ्नै किसिमका शिक्षण प्रयोजन रहेका हुन्छन् त्यस्तै गरी विद्यालय तहमा पनि वादविवाद शिक्षणको आफ्नै प्रयोजन रहेको छ जुन निम्नानुसार छन् :

१. सामान्यत : भाषाका ग्रहण र अभिव्यक्ति सिपको प्रभावकारी उन्नयन गर्नु

२. भाषेतर पक्षहरूको यथोचित उपयोग गरेर बौद्धिक र तार्किक कथ्य अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु

३. औपचारिक र स्तरीय भाषामा शिष्ट ढङ्गले आफ्ना विचारहरूको मण्डन गर्ने क्षमताको विकास गर्नु

४. विपक्षीका भनाइ र मण्डनलाई शिष्ट र प्रभावकारी उदाहरणद्वारा खण्डन वा विमति जनाउने कथन कलाको विकास गर्नु

५. कुनै पनि विषयमा गहिरिएर सोच्ने, अध्ययन गर्ने र त्यसको बुलन्द प्रस्तुति गर्ने सिप विकासमा मद्दत गर्नु

६. श्रोताको स्तर, रूचि र सम्प्रेषण क्षमतालाई ख्याल गरी बोल्ने र आफ्नो कुराले प्रभावित गर्न सक्ने क्षमताको विकास गर्नु

७. आवश्यकता अनुसारका भाषातात्त्विक अभ्यास र सिप विकासमा मद्वत गर्नु

८. कथन कला र क्षमता अनुरूपको उपयुक्त, शुद्वध र मानक अभिव्यक्ति शैलीमा वादविवाद रचना सिप विकास गर्नु र

९. तार्किक, बौद्धिक अभिव्यक्ति क्षमता विकासका माध्यमले आत्म सन्तुष्टि दिलाई व्यक्तित्व विकासमा मद्दत गर्नु आदि (पौडेल, २०७४ : १५) ।

**वादविवाद शिक्षणका कार्यकलापः** वादविवाद शिक्षण गर्दा सर्वप्रथम वादविवादसम्बन्धि विषयको परिचय दिने, सामान्य प्रयोजन अनुरूपका श्रुतिबोध, उच्चारण, सस्वर पठन, शब्दार्थ निवारण र शब्द प्रयोग अभ्यास, मौन पठन , पठन बोध, विशिष्ट

पङ्क्तिको व्याख्या भाव विस्तार र विविध भाषातात्विक अभ्यासहरू आवश्यकता अनुसार गराउन सकिन्छ । त्यस पछि आघातमूलक तथा हाउभाउपूर्ण बुलन्द कथन कला अपनाई पात्रीय भूमिकामा वादविवाद पढ्न लगाउने, गृहकार्यका रूपमा पाठलाई गहन रूपमा पढ्न लगाएर छनोट वा गोलाप्रथाद्वारा पात्रीय भूमिका खेली निर्धारित समय भित्र आफ्नो पक्षको मण्डन र विपक्षको खण्डन गर्न लगाउने, कक्षामै औपचारिक रूप दिएर उद्घोषक, सभापति, निर्णायक, समय सूचक र पक्ष विपक्षको छनोट गरेर वादविवाद कार्यकलाप सञ्चालन गर्ने, सभापतिद्वारा समन्वयात्मक मन्तव्य सहित पुरस्कारको व्यवस्था गर्ने, वादविवाद कार्यक्रमलाई सहकार्यकलापको रूप दिएर विद्यालय कार्यक्रम र अन्तर्विद्यालय कार्यक्रमका रूपमा पाठ्य पुस्तक बाहेकका स्तरयुक्त विषयमा प्रतियोगिता सञ्चालन गर्ने, गृहकार्यका रूपमा लिखित अभ्यास गराउने र स्वतन्त्र ढङ्गका वादविवाद रचना गर्न प्रेरित गर्ने जस्ता कार्यकलापहरू क्रमशः गराएमा राम्रो हुन्छ । उपर्युक्त कार्यकलापका साथै आवश्यकता अनुसारका नमुना सामग्री, सन्दर्भ सामग्री र शिक्षण सामाग्रीहरूको यथोचित उपयोग गर्नमा ध्यान दिनु आवश्यक देखिन्छ (पौडेल, २०७४ : १६) ।

**निष्कर्ष:** भाषा विचार आदान प्रदान गर्ने मानवीय वस्तु हो । भाषाकै कारण मानिसको जीवन सञ्चालनमा सहज भएको छ । भाषाका ग्रहण र अभिव्यक्ति गरी दुई रूप हुन्छन् । ग्रहण भित्र सुनाइ र पढाइ पर्दछन् भने अभिव्यक्तिभित्र बोलाइ र लेखाइ पर्दछन् ।

लेखाइ सिप विकासका बिभिन्न कार्यकलाप अन्तर्गत वादविवाद लेखन पनि एउटा महत्त्वपूर्ण कार्यकलाप हो वादविवाद खास गरेर बोलाइ सिपसँग सम्बन्धित भएपनि लेखाइ सिपसँग पनि यसको नजिकको सम्बन्ध रहेको छ । वादविवादका आधारभूत पक्षभित्र विषयवस्तु, भाषाशैली र प्रस्तुति पर्दछन् । त्यस्तै गरी वादविवाद आदि, मध्य र अन्त्य गरी तीन संरचनामा आधारित हुन्छ । वादविवादले विद्यार्थीहरूको तार्किक क्षमतामा वृद्धि गराई बोलाइमा प्रभावकारिता ल्याउँछ । वादविवाद लेखनबाट विद्यार्थीहरूमा लेखन सिपको पनि विकास गर्न सकिन्छ ।

## अध्याय तीन

## अध्ययनको विधि तथा प्रक्रिया

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित विधिहरूको उपयोग गरिन्छ । यस अध्ययनका लागि देहायबमोजिमका विधि र प्रक्रिया अवलम्बन गरिएको छ :

### अध्ययनको ढाँचा

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक दुबै विधिको प्रयोग गरिने कारण मिश्रित ढाँचामा आधारित रहेको छ ।

### जनसङ्ख्या र अध्ययन क्षेत्र

प्रस्तुत शोधकार्यको अध्ययनको लागि काठमाडौँ कीर्तिपुर नगरपालिकाका २०७६ सालमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई सम्पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ ।

### प्रतिनिधि नमुना

नमुना छनोटका लागि काठमाडौँ जिल्लाका सम्पूर्ण जनसङ्ख्यालाई शोधकार्यको अध्ययन गर्न सम्भव नहुने भएकोले काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाअन्तर्गत ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालय छनोट गरिएको छ । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट लैङ्गिकता र विद्यालय प्रकृतिको आधारमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको नमुना रूपमा छनोट गरिएको छ । जसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रा लिइएको छ भने सामुदायिक विद्यालयबाट ५० जना र संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीहरू नमुनाको रूपमा लिइएको छ ।

### सामग्री सङ्कलनको स्रोत

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्री अवलम्बन गरिएको छ :

**प्राथमिक स्रोत :** प्रस्तुत अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिमा आधारित भएर अनुसन्धानसँग सम्बन्धित क्षेत्रमा गई त्यहाँको वस्तुस्थितिको बारेमा अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्य काठमाडौँ जिल्लाकै कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा रहेको हुँदा कीर्तिपुर जिल्लाकै सम्बन्धित विद्यालयमा

गएर विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यस नगरपालिकाका विद्यार्थीहरूले लेखेको उत्तरपुस्तिका नै प्राथमिक स्रोतको रूपमा रहेको छ ।

**द्वितीयक स्रोत** : द्वितीयक स्रोत सामग्री सङ्कलनका लागि पाठ्यसामग्री, शोधपत्रहरू, सन्दर्भपुस्तक खोजी गरिएको छ । प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि शोधनिर्देशक, विषय शिक्षक र आफूभन्दा अग्रज साथीहरूको सहयोग लिइएको छ ।

**सामग्रीको पूर्वपरीक्षण**

प्रस्तुत शोधकार्यको सामग्री पूर्वपरीक्षण काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकामा अवस्थित कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको छ । पूर्वपरीक्षणका लागि शोधनिर्देशकको सल्लाह सुझाव अनुसार प्रश्नपत्र निर्माण भइसकेपछि कीर्तिपुर नगरपालिकाको राराहिल मेमोरियल स्कुलका कक्षा सातमा अध्ययनरत १० जना विद्यार्थीहरूलाई पूर्वपरीक्षणका लागि नमुनाका रूपमा लिइनेछ । विद्यार्थीहरूलाई तीनओटा शीर्षकमा वादविवाद लेखन लगाइएको छ । त्यसको लागि १०/१० पूर्णाङ्कको ३ वटा प्रश्न १५ जनालाई ३० मिनेट समय दिई वादविवाद लेखन लगाइएको छ । उक्त तयार गरिएका शीर्षकलाई शोधनिर्देशक विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिइएको छ । परीक्षणका लागि तयार पारिएका वादविवादका शीर्षकहरू निम्न छन् :

(क) विज्ञान अभिशाप होइन, वरदान हो ।

(ख) धनभन्दा विद्या ठूलो ।

(ग) उद्योगलाई भन्दा कृषिलाई जोड ।

**सामग्रीको कार्यान्वयन**

प्रस्तुत शोधकार्यको कार्यान्वयनका लागि पूर्वपरीक्षणबाट आएको नतिजाअनुरूप ३ वटा प्रश्नबाट विद्यार्थीलाई कठिनाइ परेको एउटा प्रश्न हटाइएको छ । उक्त २ वटा प्रश्न मात्र राखी शोधकार्य अगाडि बढाइएको छ । ती २ प्रश्न १०/१० पूर्णाङ्कको रहेको छ । ती दुई प्रश्नलाई ३०/३० मिनेट दिई वादविवाद लेखन लगाइएको छ । उक्त तयार गरिएका शीर्षकलाई शोधनिर्देशक, विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित

अन्तिम रूप दिइएको छ । शोधकार्यको लागि तयार पारिएका वादविवादका शीर्षकहरू निम्नलिखिन छन् :

(क) विज्ञान अभिशाप होइन, वरदान हो ।

(ख) धनभन्दा विद्या ठूलो ।

**तथ्याङ्क सङ्कलन**

यस शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुना छनोट गरिएका विद्यालयको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समूहमा पर्ने गरी छनोट गरिएको छ । छनोट भएका विद्यार्थीहरूलाई आवश्यक निर्देशन पश्चात् विषय शीर्षक दिँदै समय सीमा तोकिएको छ । प्र.अ.को स्वीकृतिमा विषय शिक्षक र स्वयम्को उपस्थितिमा वादविवाद लेखन कार्य सम्पन्न गरी उत्तर पुस्तिकालाई आँकलन गरिएको छ । विद्यार्थीहरूले दिएको उत्तरपुस्तिकाबाट निकालिएको प्राप्ताङ्क नै शोधको तथ्याङ्क सङ्कलन उत्तरपुस्तिकाका आधारमा विभिन्न उपशीर्षकहरू अति उत्तम, उत्तम, मध्यम र निम्न गरी चार तहमा विभाजन गरेर अध्ययन गरिएको छ । यसअन्तर्गत अति उत्तम (७५% भन्दा माथिल्लो), उत्तम (६०% देखि ७४% सम्म), मध्यम (४०% देखि ५९% सम्म) र निम्न (0% देखि ३९% सम्म) लाई अङ्क प्रदान गरिएको छ । सङ्कलित उत्तरपुस्तिका मापनका लागि पूर्णाङ्कको आधारमा स्तम्भ यसरी तय गरिएको छ :

| | | |
|---|---|---|
| १. | सम्बोधन र विषय प्रवेश | २ |
| २. | विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता | ३ |
| ३. | खण्डन मण्डन | ३ |
| ४. | भाषिक शुद्धता | १ |
| ५. | निष्कर्ष | १ |
| | जम्मा | १० |

यी विभिन्न पक्षमा केन्द्रित रहेर उत्तरपुस्तिका परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

प्रस्तुत अध्ययन काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति के कस्तो छ भन्ने कुराको वर्णनात्मक

तरिकाले अध्ययन गरिएको छ। यसमा साङ्ख्यिकीय सूत्रहरू प्रयोग गरी तथ्यहरू विश्लेषणका लागि विद्यार्थीहरूले प्राप्त गरेका प्रापताङ्कका आधारमा मध्यमान निकालिएको छ। उक्त अङ्कलाई स्थानीय भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय प्रकृति आदिका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा केकस्तो भिन्नता रहेको छ भनेर जान्नका लागि मानक विचलनका आधारमा व्याख्या गरिएको छ। परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण, स्तम्भचित्र, प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याउन सकिने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

माथि उल्लिखित सामग्री सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गर्न सकिएको छ । यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसरी यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास पनि गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता

प्रस्तुत अध्ययन काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउने उद्देश्यमा आधारित रहेको छ । यस अध्ययनका लागि १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । सोही सूचनाका आधारमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विधिहरूको उपयोग गरिएको छ । यस शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत वितरण साथै चलहरूको विश्लेषित स्वरूप प्रस्तुत गरिएको छ । यहाँ ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्न विद्यार्थीहरूको सङ्ख्यालाई निम्न श्रेणीमा राखिएको छ । ४०-५९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्यालाई मध्यम श्रेणीमा राखिएको छ । ६०-७९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्यालाई उत्तम श्रेणीमा राखिएको छ र ८० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्यालाई अत्युत्तम श्रेणीमा राखिएको छ । यसमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको गणना प्रतिशतका आधारमा चार श्रेणीमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

### समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

प्रस्तुत शोधकार्य काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनका लागि कीर्तिपुर नगरपालिकाका सामुदायिक र संस्थागतका पाँच/पाँच गरी दशवटा विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई २० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरी परीक्षा लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रतिशतका आधारमा समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता :** प्रस्तुत शोधकार्यमा काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४.१

*समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*


| | | |
|---|---|---|
| कुल सङ्ख्या | १०० | |
| पूर्णाङ्क | २० | |
| | सङ्ख्या | प्रतिशत |
| ४०% भन्दा कम ल्याउने | २७ | २७ |
| ४०-५९% सम्म अङ्क ल्याउने | २४ | २४ |
| ६०-७९% सम्म अङ्क ल्याउने | ३१ | ३१ |
| ८० भन्दा माथि अङ्क ल्याउने | १८ | १८ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

प्रस्तुत तालिकाका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता वर्गीकरण गरी चार श्रेणीमा छुट्याइएको छ। साथै प्रतिशत गणना पनि गरिएको छ। यस प्रतिशत गणनाअनुसार ४० प्रतिशत र अङ्कभन्दा कम वादविवाद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २७ रहेको छ भने जसको प्रतिशत सङ्ख्या २७ रहेको देखिन्छ। त्यसैगरी ४०-५९ प्रतिशत र अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २४ रहेको छ भने यसमा प्रतिशत अङ्क २४ रहेको छ। ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३१ रहेको छ भने जसमा प्रतिशत ३१ रहेको

छ। त्यसैगरी ८० प्रतिशत र अङ्कभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १८ र प्रतिशत अङ्क १८ रहेको छ।

समग्रमा विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा विद्यार्थीको प्राप्ताङ्कको ४ श्रेणीमा विभाजन गरिएको छ। सो प्रतिशताङ्क सङ्ख्यालाई निम्नानुसार देखाउन सकिन्छ :




*स्तम्भ चित्र ४.१*

समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता

माथिको चित्रमा जम्मा १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ। जसमा ४० प्रतिशतभन्दा कम २७ जना, ४०-५९ प्रतिशतमा २४ जना त्यसैगरी ६०-७९ प्रतिशतसम्म ३१ जना र ८० प्रतिशतभन्दा माथि १८ जना रहेको छ।

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता:** समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्ने क्रममा प्रतिनिधि नमुना रूपमा विद्यार्थी सङ्ख्या जम्मा १०० जना रहेका थिए। कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मापन गर्ने क्रममा मध्यमान १०.७९ र मानक विचलन ४.२२ रहेको छ। समग्रमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका ४.२


*मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २० | १०.७९ | ४.२२ | ४७ | ४७ | ५३ | ५३ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४७ जना र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५३ जना रहेका छन् । माथिको तथ्याङ्कअनुसार मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीको अन्तर छ । प्रतिशतले बढी रहेको छ र मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ प्रतिशतले बढी देखिएकाले कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्रमा वादविवाद लेखन प्रतिशताङ्क श्रेणीका आधारमा उत्तम रहेको छ । मानक विचलनका आधारमा यस नगरपालिकाका विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा नतिजा एकरूपता देखिँदैन ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पारिएको छ :




*वृत्तचित्र ४.१*

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस अध्ययनमा काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको आधारमा उत्तम श्रेणी मापन गरिएको ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या बढी भएकाले समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता उत्तम रहेको देखिन्छ ।

## अध्याय पाँच

## लैङ्गिकताका आधारमा वादविवाद लेखन क्षमता

काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताको आधारमा वादविवाद लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि प्रतिनिधि जनसङ्ख्या छनोटमा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा छात्र विद्यार्थीहरू ५० जना र छात्रा विद्यार्थीहरू ५० जना रहेका छन् । छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई व्याख्या विश्लेषण गरी प्रतिशत स्तम्भचित्र, मध्यमान र मानक विचलनको आधारमा देखाइएको छ ।

### छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना छात्र विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ । प्रतिनिधि छनोटमा परेका विद्यार्थीहरूको प्राप्ताङ्कलाई चार श्रेणीमा राखेर छात्रको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताः** छनोटमा परेका विद्यार्थीहरूको प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।


तालिका ५.१

*प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| | | |
|---|---|---|
| कुल सङ्ख्या | ५० | |
| पूर्णाङ्क | २० | |
| | सङ्ख्या | प्रतिशत |
| ४०% भन्दा कम ल्याउने | १५ | ३० |
| ४०-५९% सम्म अङ्क ल्याउने | १२ | २४ |
| ६०-७९% सम्म अङ्क ल्याउने | १७ | ३४ |
| ८० भन्दा माथि अङ्क ल्याउने | ६ | १२ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता प्रतिशतका आधारमा चार (निम्न, मध्यम, उत्तम र अत्युत्तम) श्रेणीमा विभाजन गरिएको छ। निम्न श्रेणी ०-४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको छ। मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्तिशत २४ रहेको छ। उत्तम श्रेणीमा ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ र प्रतिशत ३४ रहेको छ भने अत्युत्तम श्रेणीमा ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको छ। समग्रमा निम्न श्रेणीअन्तर्गत विद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको छ भने मध्यममा विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ। उत्तममा विद्यार्थी सङ्ख्या १७ र प्रतिशत ३४ रहेको छ र अत्युत्तममा विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ३४ रहेको छ र अत्युत्तममा विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको हुँदा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीको वादविवाद लेखन क्षमता राम्रो मान्न सकिन्छ।




*स्तम्भ चित्र ५.१*

छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताः** काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको संस्थागत र सामुदायिक विद्यालयका

विद्यार्थीमध्ये छात्रहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलन निकाली छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिको व्याख्या विश्लेषण गरिएको छ :

तालिका ५.२


*मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | १०.७४ | ७.६७ | २४ | ४८ | २६ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको वादविवाद लेखनअन्तर्गत कुल प्राप्ताङ्क ५.३६ रहेको छ । यसको मध्यमान १०.७४ रहेको छ भने मानक विचलन ७.६७ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भने मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७.६७ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्याभन्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :




*वृत्तचित्र ५.१*

मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमता

**छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**

काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना छात्रा विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका वादविवादलाई आधार बनाएर छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता :** छनोटमा परेका विद्यार्थीहरूको प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।


तालिका ५.३

*प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| | | |
|---|---|---|
| कुल सङ्ख्या | ५० | |
| पूर्णाङ्क | २० | |
| | सङ्ख्या | प्रतिशत |
| ४०% भन्दा कम ल्याउने | १२ | २४ |
| ४०-५९% सम्म अङ्क ल्याउने | १२ | २४ |
| ६०-७९% सम्म अङ्क ल्याउने | १४ | २८ |
| ८० भन्दा माथि अङ्क ल्याउने | १२ | २४ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता प्रतिशतका आधारमा चार (निम्न, मध्य, उत्तम र अति उत्तम) श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणी ०-४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ । उत्तम श्रेणीमा ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ र प्रतिशत २८ रहेको छ । अति उत्तम श्रेणीमा ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ । समग्रमा कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उत्तम रहेको छ ।




*स्तम्भ चित्र ५.२*

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता** : काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये छात्रहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलन निकाली छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिको व्याख्या विश्लेषण गरिएको छ :

तालिका ५.४


*मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ११.०४ | ४.३८ | २३ | ४६ | २७ | ५४ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखनअन्तर्गत कुल प्राप्ताङ्क ५५२ रहेको छ । यसको मध्यमान ११.०४ रहेको छ भने मानक विचलन ४.३८ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ र प्रतिशत ४६ रहेको छ भने मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ र प्रतिशत ५४ रहेको छ । मध्यमानभन्दा तल वा माथि ल्याउनेको सङ्ख्या ४.३८ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क ल्याउनेको सङ्ख्याभन्दा मध्यमानभन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या बढी रहेकोले छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उत्तम रहेको छ ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :




*वृत्तचित्र ५.२*

मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमता

**छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**

छनोटमा परेका छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका ५.५

*छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| लैङ्गिकता | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २४ | ४८ | २६ | ५२ |
| छात्रा | ५० | २३ | ४६ | २७ | ५४ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार छात्र र छात्रा विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २४ र प्रतिशत ४८ छ भने मध्यमानभन्दा माथि २६ र प्रतिशत ५२ रहेको देखिन्छ । छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २३ र प्रतिशत ४६ रहेको छ भने मध्यमानभन्दा माथि २७ र प्रतिशत ५४ रहेको देखिन्छ । समग्रमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय छ

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा वादविवाद लेखन क्षमता स्थिति पत्ता लगाउनका लागि नमुना जनसङ्ख्या छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा ५० जना सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरू रहेका छन् भने ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययनको आधारमा प्रतिशताङ्क र वृत्तचित्र, मध्यमान र मानक विचलन रहेका छन् ।

### संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत ५०  जना विद्यार्थीहरूको वादविवाद विद्यार्थीहरूको प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई निम्नानुसार प्रतिशताङ्क स्थितिमा तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता :** छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।


तालिका ६.१

*प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| | | |
|---|---|---|
| कुल सङ्ख्या | ५० | |
| पूर्णाङ्क | २० | |
| | सङ्ख्या | प्रतिशत |
| ४०% भन्दा कम ल्याउने | ७ | १४ |
| ४०-५९% सम्म अङ्क ल्याउने | ६ | १२ |
| ६०-७९% सम्म अङ्क ल्याउने | २१ | ४२ |
| ८० भन्दा माथि अङ्क ल्याउने | १६ | ३२ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ । निम्न श्रेणीमा ४० प्रतिशतभन्दा कम अङ्क प्रापत गर्ने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छ । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको छ । त्यसैगरी ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ रहेको छ भने प्रतिशत ४२ रहेको छ भने ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ रहेको छ र त्यसको प्रतिशत ३२ रहेको छ । समग्रमा सबैभन्दा कम निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छ भने सबैभन्दा बढी उच्च श्रेणी अथवा ६०-७९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उत्तम रहेको मान्न सकिन्छ ।




स्तम्भ चित्र ६.१

संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता :** विद्यालय प्रकृतिका आधारमा काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १०० जना विद्यार्थीमध्ये ५० जना विद्यार्थीहरू संस्थागत विद्यालयअन्तर्गत रहेका छन् । जसलाई मध्यमान र मानक विचलनका आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका ६.२


*मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | १३.०८ | ३.७६ | २२ | ४४ | २८ | ५६ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्त अङ्क जम्मा ६५४ रहेको छ भने मध्यमान १३.०८ रहेको छ। त्यसैगरी मानक विचलन ३.७६ रहेको छ। संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ४४ प्रतिशत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमानभन्दा तल रहेको छ भने ५६ प्रतिशत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमानभन्दा माथि छ। मध्यमानभन्दा तल वा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३.७६ पाइन्छ। जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ। यसलाई आधार मानेर हेर्दा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :




*वृत्तचित्र ६.१*

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**

काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० ओटा विद्यालयबाट ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका वादविवादलाई आधार बनाएर सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन

क्षमताको अध्ययन गरिएको छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता** : छनोटमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ।

तालिका ६.३


*प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| | | |
|---|---|---|
| कुल सङ्ख्या | ५० | |
| पूर्णाङ्क | २० | |
| | सङ्ख्या | प्रतिशत |
| ४०% भन्दा कम ल्याउने | २० | ४० |
| ४०-५९% सम्म अङ्क ल्याउने | १९ | ३८ |
| ६०-७९% सम्म अङ्क ल्याउने | ९ | १८ |
| ८० भन्दा माथि अङ्क ल्याउने | २ | ४ |

स्रोत : स्थलगत अध्ययन, २०७६।

माथिको तालिकाअनुसार काठमाडौं जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ। निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ। मध्यम श्रेणी ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ। उत्तम श्रेणी ६०-७९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९ र प्रतिशत १८ रहेको छ भने अति उत्तम श्रेणी ८० प्रतिशतभन्दा बढी अङ्क प्रापत गर्ने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ। समग्रमा निम्न र मध्यम

श्रेणीअन्तर्गतको अङ्क प्राप्त गर्ने निम्नमा विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको र मध्यममा १९ र प्रतिशत ३८ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ।




*स्तम्भ चित्र ६.२*

सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताः** विद्यालय प्रकृतिका आधारमा काठमाडौं जिल्लाका कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ। जसमा प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना सामुदायिक विद्यालयअन्तर्गत रहेका छन्। जसलाई मध्यमान र मानक विचलनको आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका ६.४


*मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ८.७ | ३.५९ | २३ | ४६ | २७ | ५४ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको जम्मा अङ्क ४३५ रहेको छ र मध्यमान ८.७० रहेको छ भने मानक विचलन ३.५९ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमानभन्दा तल सङ्ख्या २३ र प्रतिशत ४६ छ भने मध्यमानभन्दा माथि सङ्ख्या २७ र प्रतिशत ५४ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि वा तलको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३.५९ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । अतः मध्यमानलाई आधार बनाएर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ प्रस्ट पार्न सकिन्छ :




*वृत्तचित्र ६.२*

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

**संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**

प्रस्तुत अध्ययन काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा आधारित छ । उक्त अध्ययनमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूले लेखेका वादविवादलाई आधार मानेर संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ ।

तालिका ६.५

*संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता*

| विद्यालय प्रकृति | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २२ | ४४ | २८ | ५६ |
| संस्थागत | ५० | २३ | २६ | २७ | ५४ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २२ र ४४ प्रतिशत छ भने मध्यमानभन्दा माथि सङ्ख्या २८ र प्रतिशत ५६ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २३ र प्रतिशत ४६ रहेको छ भने मध्यमानभन्दा माथि सङ्ख्या २७ र प्रतिशत ५४ रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूका वादविवाद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

प्रस्तुत अध्ययन काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई वादविवाद लेख्न लगाइयो । वादविवाद भाषिक सिपअन्तर्गतको स्वतन्त्र रचना हो । वादविवाद लेखन मुख्य उद्देश्य स्वतन्त्र एवम् सिर्जनात्मक लेखन सीपको विकास गराउनु हो ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाभित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू नमुना जनसङ्ख्या छनोटमा परेका छन् । यसमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूलाई आवश्यक सामग्रीका रूपमा वादविवाद लेखनका २ प्रश्न रहेका छन् । प्रश्न नं. १ मा ‘विज्ञान अभिशाप होइन वरदान हो’ भन्ने विषयको विपक्षमा र प्रश्न नं. २ मा ‘धनभन्दा विद्या ठुलो’ भन्ने विषयको पक्षमा आफ्ना तर्क प्रस्तुत गरेका छन् । अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा आवश्यक निर्देशन दिएर वादविवाद लेख्न लगाइएको छ । उक्त उत्तर पुस्तिकालाई विषयप्रवेश, मौलिकता, खण्डन र भाषिक शुद्धताको आधारमा परीक्षण गरी निकालिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा, अध्ययनका रूपरेखा बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन अन्तर्गत वादविवाद सम्बद्ध पुस्तकको समीक्षा, शोधपत्रको समीक्षा रहेका छन् भने सैद्धान्तिक पक्षसँग सम्बन्धित वादविवादको सैद्धान्तिक परिचय, वादविवादको संरचना रहेका छन् ।

अध्याय तीनअन्तर्गत अध्ययन विधि र प्रक्रिया उल्लेख गरिएको छ । जसमा अध्ययन विधि, जनसङ्ख्या र अध्ययनको क्षेत्र, प्रतिनिधि नमुना तथ्याङ्क र सङ्कलनका साधनहरू (

प्राथमिक स्रोत, द्वितीयक स्रोत), तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या र विश्लेषण जस्ता अध्ययनका आधारहरू रहेका छन् ।

अध्याय चारअन्तर्गत काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन रहेको छ । यसमा विद्यार्थीहरूको वादविादलेखन व्याख्या विश्लेषणको क्रममा प्रतिशताङ्क, स्तम्भचित्र, मध्यमान र मानक विचलनको आधारमा र वृत्तचित्र प्रस्तुत गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मौलिकता, विषयप्रवेश खण्डन र भाषिक शुद्धता निष्कर्ष आदिका आधारमा नतिजा विश्लेषण गरी प्रतिशताङ्क, स्तम्भचित्र, वृत्तचित्र र मानक विचलन र मध्यमानका आधारमा देखाइएको छ ।

प्रस्तुत शोधको अध्याय छमा विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन व्याख्या विश्लेषण प्रतिशताङ्क, स्तम्भचित्र, मध्यमान र मानक विचलनका आधारमा वृत्त प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन 'काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता' शीर्षकमा केन्द्रित भएर तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्ने कीर्तिपुर नगरपालिकाका ५ ओटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालय गरी १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । खोज अनुसन्धानका क्रममा प्राप्त नतिजाहरूलाई आधार मानेर निकालिएको निष्कर्ष यसप्रकार छ :

- वादविवाद लेखन क्षमताको समग्र स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा १०० जना विद्यार्थीहरूमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ र प्रतिशत २७, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ र प्रतिशत २४ र ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ र प्रतिशत ३१, त्यसैगरी ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ र प्रतिशत १८ रहेको छ । समग्रमा ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ रहेको र ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ रहेकोले समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा हेर्दा समग्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ४.२२ रहेको छ । मध्यमानभन्दा तल ४७ प्रतिशत र मध्यमानभन्दा माथि ५३ प्रतिशत रहेकाले समग्रमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।
- लैङ्गिकताको आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मानक विचलन ७.६७ रहेको छ । मध्यमानभन्दा तल ४८ प्रतिशत र मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको छ ।
- लैङ्गिकताको आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन प्राप्ताङ्कका आधारमा मानक विचलन ७.६७ रहेको छ । मध्यमानभन्दा तल ४८ प्रतिशत र मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको छ ।
- छात्रा विद्यार्थीहरूको वादविवाद लेखन प्राप्ताङ्कका आधारमा मानक विचलन ४.३८ रहेको छ । मध्यमानभन्दा तल ४६ प्रतिशत र मध्यमानभन्दा माथि ५४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको छ ।
- विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमान १३.०८ र मानक विचलन ३.७६ रहेको छ । ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ८६ प्रतिशत रहेको छ । प्रतिशतका

आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको छ ।

- विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमान ८.७ रहेको र मानक विचलन ३.५९ रहेको छ । ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ६० प्रतिशत रहेको छ । प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ ।

**शैक्षणिक उपयोगिता**

भाषिक सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चारवटा सिपमध्ये लेखाइ सिप निकै महत्त्वपूर्ण सिप हो । लेखाइ सिप विकासका लागि वादविवाद लेखन पनि विशिष्ट कार्यकलापअन्तर्गत पर्दछ । वादविवाद लेखन गर्दा पहिला सम्बोधन गरिन्छ । त्यसपछि आफ्नो शीर्षकमा पक्ष र विपक्षमा तर्कवितर्क प्रस्तुत गरिन्छ । विपक्षीका तर्कहरूलाई खण्डन मण्डन गर्दै आफ्ना तर्कहरू प्रस्तुत गरिन्छ । मौखिक रूपमा अभिव्यक्त गर्ने वादविवादलाई लिखित रूपमा उतार्नु अवश्य पनि जटिल कार्य हो । लेखाइ र बोलाइ भाषाका प्रदानात्मक सिप हुन् जसले विचारको सम्प्रेषण गर्दछ भने सुनाइ र पढाइ भाषाको आदानात्मक सिप हुन् । वर्तमान समयमा वादविवाद लेखन क्षमताको शैक्षणिक प्रयोजन नीतिगत तह र प्रयोगगत तहमा यसको उपयोगिता उत्तिकै महत्त्वपूर्ण छ । अतः प्रस्तुत अध्ययनको उपयोगिता निम्नानुसार रहेका छन् :

**नीतिगत तह :** अहिलेको परिप्रेक्ष्यमा वादविवाद लेखन क्षमताको नीतिगत उपयोगिता निकै महत्त्वपूर्ण मानिएको छ । वादविवादले कुनै पनि विषयमा तर्कवितर्क प्रस्तुत गर्न र विपक्षीका तर्कहरूलाई खण्डनमण्डन गर्नका लागि वादविवाद लेखनको महत्त्व रहेको छ । अतः नीतिगत तहमा वादविवाद लेखनका उपयोगितालाई बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. नेपाली भाषाको विकास गर्न

२. नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष बनाउन,

३. विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी उनीहरूको रुचि अनुसारको पाठ्यपुस्तकको निर्माण गर्न,

४. भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने भाषाका सिपहरू विद्यार्थीहरूको विविधता हेरी समावेश गर्न,

५. भाषा शिक्षणका नयाँ विधि तथा पद्धतिको बारेमा नीति बनाउन,

६. आधारभूत तहमा वादविवाद शिक्षणको महत्त्वका बारेमा शिक्षक शिक्षिका र सम्बन्धित विद्यालयका प्र.अ.लाई जानकारी गराउन,

७. भाषा पाठ्यपुस्तकमा वादविवाद लेखन शिक्षणको अपरिहार्यतालाई दर्साइ वादविवाद लेख्न अभिवृद्धि गर्न ।

**प्रयोगात्मक तह** : वादविवाद लेखन विद्यालय तहमा प्रयोगमा ल्याइनुपर्छ अथवा आधारभूत तहका पाठ्यक्रममा पनि अनिवार्य रूपमा समावेश गरी पठनपाठनमा ल्याउनुपर्दछ । विद्यार्थीहरूको लेखन क्षमताका साथै स्वतन्त्र सिर्जनात्मक लेखन कलाको विकासका लागि पनि वादविवाद लेखनको महत्त्व रहेको पाइन्छ । वादविवाद लेखनलाई वाचन र लेखन दुबै तरिकाले अभ्यास गराउनुपर्दछ । समग्रमा वादविवाद लेखनका उपयोगिताहरूलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

१. विद्यालय तहमा वादविवाद शिक्षणको गर्नुको मुल उद्देश्य मौखिक तथा लिखित सिपको विकास गर्नु भएकाले तार्किक तथा बौद्धिक क्षमताको विकास गर्न प्रस्तुत अध्ययनबाट सहयोग मिल्ने छ ।

२. विद्यार्थीहरूको वादविवाद लेखन जस्तै भाषिक सिपसँग सम्बन्धित अन्य खालका अनुसन्धान गर्नका लागि प्रस्तुत अध्ययनले सहयोग मिल्नेछ ।

३. यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमतामा मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग मिल्नेछ ।

४. यस अध्ययनबाट विद्यार्थीहरूको वादविवाद लेखनमा सम्बोधन, विषय प्रवेश, विषयवस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिक, भाषिक शुद्धता, निष्कर्ष आदि पक्षमा ध्यान दिइ वादविवाद लेख्नुपर्ने वा बोल्नुपर्ने रहेछ भन्ने सुझको विकास गर्न सहयोग मिल्नेछ ।

५. यस अध्ययनले विद्यार्थीहरूमा लिखित तथा मौखिक अभिव्यक्तिका साथै तार्किक भावनाको विकास गर्ने कार्यमा सहयोग मिल्नेछ ।

६. लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग मिल्नेछ ।

७. विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकले अपनाउनुपर्ने भाषिक सचेतनाका बारेमा प्रस्तुत अध्ययनले स्पष्ट गरेको छ ।

८. भाषा शिक्षणका विधि तथा पद्धतिमा पनि थप सहयोग गर्नेछ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण* (नवौँ संस्करण), काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

काफ्ले, हरिप्रसाद (२०६८), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, प्रतीक्षा (२०७५), *दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, मोहनराज (२०७२), *सिन्धुली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जैसी, जुनाकुमारी (२०७४), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, कमला (२०७३), *गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

निरौला, सुमन (२०७५), *महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, सरिता (२०७४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७४), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : तलेजु प्रकाशन ।

भुसाल, केशव (२०७२), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश (२०६४), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५८), *शब्दरचना र वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र साहित्य,* काठमाडौँ : काठमाडौँ बुक सेन्टर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, शोभा (२०६८), *धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।